# जनकपुरधाम उपमहानगरपालिका शिक्षा ऐन, २०७७

नगर सभाबाट पारीत मिति :२०७७।३।१०
प्रमाणिकरण मिति : २०७७।३।२२
२०७७ सालको ऐन नं. : ७
पृष्ठ संख्या:२६
स्थानीय राजपत्रमा प्रकाशित मिति: २०७७।..........
पहिलो संशोधन मिति २०७७।१२।३०

**प्रस्तावना :**

**राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न मुलुकभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,**

**जनकपुरधाम उपमहानगरपालिकाको नगर सभाले नेपालको संविधानको धारा ५७ (४) अनुसूचि-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाई लागू गरेको छ।**

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

**यस ऐनको नाम "जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा ऐन, २०७७" रहेको छ।**

२. यो ऐन जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

३. यो ऐन तुरुन्त लागु हुनेछ।

४. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उपमहानगरपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिका सम्झनु पर्छ।

(ख) "प्रारम्भिक बालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई सम्झनु पर्छ।

(ग) "प्रारम्भिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिने शिक्षा सम्झनु पर्छ।

(घ)"आधारभूत शिक्षा " भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ङ) "माध्यमिक शिक्षा" भन्नाले विद्यालयको कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(च) "बिशेष शिक्षा" भन्नाले दृष्टिविहीन,बहिरा,अटिज्म,बौद्धिक अपांगता,सुस्तश्रवण वा अति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।

(छ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ

(१) दृष्टिविहीन,न्यून दृष्टियुक्त बहिरा,अटिज्म,सुस्तश्रवण बौद्धिक , शारीरिक वा अन्य अपा□ता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा

(२) सामाजिक,आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा

(ज) "सभा" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगरसभालाई सम्झनु पर्छ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार वा उपमहानगरपालिकाबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त वा समुदायमा हस्तान्तरित विद्यालय सम्झनु पर्छ।

(ञ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार वा उपमहानगरपालिकाबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ट) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(ठ) "माध्यमिक विद्यालय"भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा बाह्रसम्म शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(ड) “विद्यालय शिक्षा ” भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ढ) “विद्यालय” भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ण) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(त) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयको शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(थ) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विधार्थीका अभिभावक भनि विद्यालयका अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १५ को प्रयोजनका लागि विधार्थीका बाबु,आमा,बाजे वा बजै र त्यस्ता अभिभावक नभएका विधार्थीका हकमा त्यस्ता विधार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाँउछ ।साथै संरक्षक भन्नाले आमा ,बुवा ,बाज र बजै समेत नभएका विधार्थीको हकमा प्रचलित कानून बमोजिम कायम भएका संरक्षक लाई सम्झनु पर्छ ।

(द) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन र यस अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ध)“शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(न) “आधारभूत तह शिक्षा उतीर्ण परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा सम्झनु पर्छ ।

(प) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृत र सहायता प्रदान गरिसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतलाई जनाँउछ ।

(फ) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ ।

(ब) “स्थायी आवासीय अनुमति”भन्नाले विदेशी मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(भ) “आयोग”भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

(म) “प्रमुख” भन्नाले उपमहानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(य) “उप प्रमुख” भन्नाले उपमहानगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ ।

(र) “प्रमुख प्रशासकीय अधिकृत”भन्नाले उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ल) “महाशाखा” भन्नाले उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकूद सम्वन्धी कार्य हेर्ने सम्वन्धित महाशाखा सम्झनुपर्छ ।

(व) “महाशाखा प्रमुख” भन्नाले महाशाखाको प्रमुख वा प्रमुखको काम-काज गर्न तोकिएको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

(श) “नगर शिक्षा समिति” भन्नाले यस ऐनको दफा ९ को उपदफा (१) बमोजिम गठित नगर शिक्षा समिति सम्झनुपर्छ ।

(ष) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(स) “प्रादेशिक शिक्षा ऐन” भन्नाले प्रदेश नं. २का प्रदेश संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ह) “शिक्षक किताबखाना ” भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनुपर्छ ।

(क्ष) “निरीक्षक” भन्नाले विद्यालय सुपरीवेक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृत सम्झनुपर्छ ।

(त्र) “मन्त्रालय” भन्नाले संघीय सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ज्ञ) “प्रदेश”भन्नाले प्रदेश नं. २ लाई सम्झनुपर्छ ।

**५. विद्यालय खोल्न अनुमति लिनुपर्ने :**

(१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा उपमहानगरपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा नगर शिक्षा समितिले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुदाँ बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको मांग मनासिब देखिएमा मागबमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (२),(३)वा(५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन

(क) सरकारी वा सार्वजनिक भवन बनाई सञ्चालन भएको विद्यालय ,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ,

(७) पूर्वप्राथमिक विद्यालय,मन्टेश्वरी,भाषा कक्षा,कोचि□ ,प्रशिक्षण,शैक्षिक कन्सलटेन्ट, जस्ता अन्य शैक्षिक संस्थाको सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(८) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ :-

क. शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक बोर्ड (टष्ट्री) संगठित संस्थाको रुपमा हुनुपर्ने,

ख.शैक्षिक गुठी सञ्चालन गर्दा गुठी सञ्चालक बोर्ड (टष्ट्री) मा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तीनजना सदस्य हुनुपर्ने ,

ग.शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

घ.शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक बोर्ड (टष्ट्री)ले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा उपमहानगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(९) कुनै सामाजिक,परोपकारी वा काल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगर शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनुपर्ने विषय , पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था नगर शिक्षा समितिले तोकिए बमोजिम हुनेछ ।

(११) उपदफा (१),(२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर विदेशी शिक्षण संस्थासंग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसंग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिश भएमा मन्त्रालयले शर्त तोकि उपमहानगरपालिकाभित्र विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्न उपमहानगरपालिकाको पूर्वस्वीकृति लिइ मन्त्रालयसमक्ष निवेदन दिन सक्नेछ ।

(१२) उपदफा (११) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिम अन्य व्यवस्था लागु हुने छैन ।

(१३) सुधार गृहमा विद्यालय सञ्चालनको अनुमति र सञ्चालन :-

(१) उपमहानगरपालिकाको सुधार गृहमा रहेका बालबालिकाहरुको विद्यालय शिक्षाको व्यवस्थापन गर्न विशेष प्रकारको सामुदायिक विद्यालय सञ्चालन गर्न अनुमति प्रदान गर्न सकिने छ । यसरी अनुमति मांग भइ आएमा आवश्यकता र औचित्यको आधारमा एक पटकमा एक कक्षा वा सो भन्दा बढी कक्षा वा तह सञ्चालनको अनुमति प्रदान गर्न सकिने छ ।

(१४) उपदफा (१३) बमोजिम सुधार गृहमा सञ्चालन हुने विद्यालयमा विद्यालय व्यवस्थापन समिति,शिक्षक तथा कर्मचारी व्यवस्थापन र परीक्षा सञ्चालन नगर शिक्षा समितिले तोकिए बमोजिम हुनेछ ।

(१५) प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन गर्ने विद्यालयलाई तोकिएको पूर्वाधार एवं शर्तहरु पालना गर्ने गरी नगर शिक्षा समितिले अनुमति प्रदान गर्नेछ ।

(१६) विशेष शिक्षा संचालन गर्ने विद्यालयले नगर शिक्षा समितिबाट अनुमति लिनु पर्नेछ ।

(१७) हाल माध्यमिक तहको कक्षा ११ र १२ मात्र संचालन भएको विद्यालयले तल्लो कक्षा सञ्चालन गर्न चाहेमा मांग भई आएमा तोकिए बमोजिम तोकिएको अधिकारीले अनुमति प्रदान गर्नेछ ।

(१८) उपमहानगरपालिकाले सामुदायिक विद्यालय , सार्वजनिक शैक्षिक गुठ्ठी अन्तरगत सञ्चालित विद्यालय तथा एक भन्दा बढी शैक्षिक गुठ्ठी अन्तरगत सञ्चालित विद्यालयहरु बीच वा अन्य निकाय (सरकारी, गैरसरकारी) संगको साझेदारीमा विद्यालय संचालन गर्न गराउन सक्नेछ ।

(१९) उपदफा (११) र (१३) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा उपमहानगरपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

**६.विद्यालय सञ्चालन : -** विद्यालयको सञ्चालन तोकिए बमोजिमहुनेछ ।

**७. शिक्षाको माध्यम :-**(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा ,अंग्रेजी भाषा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयको शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

(क) प्राथमिक शिक्षा (कक्षा १ देखि ५ सम्म) मातृभाषामा दिन सक्नेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपालीको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

**८ .विद्यालयको पाठयकम र पाठ्यपुस्तक :-**

(१)विद्यालयले संघीय सरकार,प्रदेश सरकार र उपमहानगरपालिकाबाट स्वीकृत पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नुपर्नेछ ।

(२) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रतोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुऱ्याएको मानिने छैन ।

(३) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानून,प्रदेश कानूनमा व्यवस्थाभए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**९. नगर शिक्षा समिति :-**

(१) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन,रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

(**क**) प्रमुख ,उपमहानगरपालिका अध्यक्ष

(ख) उपप्रमुख ,उपमहानगरपालिका सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) उपमहानगरपालिकाको सामाजिक विकास समितिको संयोजक सदस्य

(ङ) उपमहानगरपालिकाको कार्यपालिका सदस्यहरु मध्येबाट महिलाको प्रतिनिधित्व हुनेगरी नगर प्रमुखले तोकेको एक जना सदस्य

(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(छ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(ज) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

(झ) उपमहानगरपालिका क्षेत्रभित्रका प्राज्ञिक वा विद्धत वर्गबाट नगर प्रमुखले तोकेको एक जना सदस्य

(ञ) शिक्षक महासंघको उपमहानगर समितिको अध्यक्ष वा समितिले तोकेको सदस्य

(ट) स्थानीय समाजसेवी वा अपा□मध्येबाट एक जना , र एक जना दलितसहितनगर प्रमुखले मनोनित गरेको २ जना सदस्य

(ठ) एक जना दलित र शिक्षा प्रेमीगरी दुई जना महिलालाई नगर प्रमुखले मनोनित गरेको दुई जनासदस्य

(ड) महाशाखा प्रमुख सदस्य-सचिव

(२) समितिमा मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यहरुले आफ्नो पदीय आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकाय वा पदाधिकारीले जुनसुकैबखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) समितिले धार्मिक विद्यालयका प्रमुख , प्रबुद्ध व्यक्ति , विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर शिक्षा समितिको काम,कर्तव्य र अधिकार :-

(क) उपमहानगरपालिकाको शैक्षिक नीति तथा योजना तर्जुमा गर्ने गराउने,

(ख) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ग) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर ,जात ,लिंग समेतको आधारमा विवरण बनाई अध्यावधिक गराइराख्ने ,

(घ) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अध्यावधिक गराइ राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुक्षाव पठाउने ,

(ङ) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत,साधनको पहिचान र परिचालनमा सहयोग तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँडगर्ने,

(च) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने ,

(छ) विद्यालय व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको निरीक्षण र अनुगमन गरी प्रधानाध्यापक,शिक्षक,विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई आवश्यक सुझाव र सहयोग गर्ने ,

(ज) विशेषज्ञहरुको समूह तयार गरी विद्यालयहरुको भौतिक र प्राज्ञिक पक्षको परीक्षण र अडिट गराउने र प्राप्त प्रतिवेदनलाई विद्यालय तहमा कार्यान्वयन गर्ने गराउने,

(झ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम , तालिम ,गोष्ठी ,सेमिनार आदि सञ्चालन गर्ने

(ञ) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने ,

(ट) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्ने सहयोग गर्ने तथा यसका लागि वडा शिक्षा समितिलाई उपमहानगरपालिका क्षेत्रभित्र शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ताजनशक्तिकोअभिलेख नगर शिक्षा समितिमा पेश गर्ने ,

(ठ) प्रधानाध्यापक ,शिक्षकको उच्च कार्यदक्षता र विधार्थी सिकाइ उपलब्धिमा गरेको सुधारका आधारमा पुरस्कारको व्यवस्थागर्ने,

(ड) सामुदायिक विद्यालयका लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने ,

(ढ) विद्यालयहरुको नगरस्तरीय खेलकूद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गराउने र सोका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने,

(ण) उपमहानगरपालिका क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि आवश्यक व्यवस्था गर्ने,

(त) उपमहानगरपालिका क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा,गुरुकूल,मदरसा,गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(थ) विद्यालयहरुको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणकालागि कार्ययोजना तयार गर्ने ,

(द) विद्यालय शिक्षामा सुधारका लागि आर्थिक सहयोग गर्न अभिभावक तथा अन्य संघ संस्थालाई अभिप्रेरित गर्ने,

(ध) उपमहानगर भित्र विद्यालय संचालन अनुमति ,स्वीकृति,विद्यालय सार्ने,गाभ्ने,बन्द लगायतका कार्य गर्ने गराउने ,

(न) विद्यालयका शिक्षक , कर्मचारीहरुको विवरण अध्यावधिक गराउने , रिक्त दरबन्दीमा स्थायी नियुक्तिका लागि सिफारिश गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने ,

(प) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम कारवाही गर्न शिक्षाका शाखा अधिकृत□निरिक्षकको रायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कारवाही गर्ने गराउने

तर कुनै शिक्षक वा कर्मचारीलाई यस बमोजिम कारवाही गर्नु पूर्व आफ्नो तर्फबाट सफाइको मौका पेश गर्नबाट बञ्चित गरीने छैन ।

(फ) उपमहानगरको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(ब) विद्यालयको नक्साङ्कन सेवा क्षेत्र निर्धारण तथा विद्यालय समायोजन सम्बन्धि कार्यगर्ने ,

(भ) उपमहानगर क्षेत्रभित्र सञ्चालित कोचि□कक्षा ,विधार्थी आवास गृह,भाषा प्रशिक्षण तथा तालिम केन्द्र र शैक्षिक परामर्श केन्द्रको सञ्चालन अनुमति ,व्यवस्थापन तथा नियमन गर्ने ।

(म) उपमहानगरको शिक्षा नीति ,ऐन तथा नियमावली बमोजिम आवश्यक निर्देशिका तथा मापदण्ड निर्धारण गर्ने,

(य) सामुदायिक विद्यालयमा दरबन्दी निर्धारण तथा मिलान सम्बन्धी काम गर्ने,

(र) विद्यालय शिक्षा विकासका लागि आवश्यक नीति,योजना तथा कार्यक्रम निर्धारण गर्न राय सुझावका लागि नगर प्रमुखको संयोजकत्वमा उपमहानगरका शिक्षा परिषदको गठन गर्ने ,

(ल) शैक्षिक नीति,योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति,उपसमिति वा कार्यदल गठन गर्ने,

(व) शिक्षक विधार्थी अनुपात मिलाउने र शैक्षिक गुणस्तर कायम गर्न आचारसंहिता बनाई लागू गर्ने,

(श) शिक्षक तथा कर्मचारीहरुको प्रशासन,व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

(स) शिक्षा सम्बन्धी कानून बमोजिमको व्यवस्थाहरुको कार्यान्वयन गर्न वडा शिक्षा समितिलाई निर्देशनदिने,

(ष) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चत गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागु गर्ने गराउने ।

(ह) अनौपचारीक शिक्षा ,वैकल्पिक शिक्षा ,विशेष शिक्षा खुला तथा दूर शिक्षा सम्बन्धी मापदण्ड बनाई  लागु गर्ने गराउने ,

(क्ष) संस्थागत विद्यालयले पालन गर्नु पर्ने मापदण्ड ,गुणस्तर,शुल्क प्रावधान, पाठ्यक्रम र पाठ्यपुस्तकमा एकरुपता,मेधावि ,विपन्न तथा समिान्तकृत वर्गका छात्र-छात्रालाई दिने छात्रवृतिको आधार र प्रतिशत,शिक्षक तथा कर्मचारीहरुको सेवा ,शर्त एवम् पारिश्रमिक जस्ता  विषयमा निर्णय गर्ने । तर यसरी निर्णय गर्दा संस्थागत विद्यालयहरुको स□ठनको सहभागिता एवं परामर्श लिन सकिनेछ ।

(त्र) सामुदायिक विद्यालयमा विधार्थी भर्ना शुल्क,मासिक पढाई शुल्क ,परीक्षा शूल्क, पाठ्यपुस्तक वापतको शीर्षक  वाहेक विद्यालयले उपलब्ध गराउने सेवा सुविधा वापत र अभिभावकले विद्यालयलाई गर्नु पर्ने सहयोग राशि विद्यालयको वर्गीकरण गरी निर्धारण गर्ने  ।

(ज्ञ) नगर शिक्षा समितिको अन्य काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(५) नगर शिक्षा समितिको बैठक :-**

(क) नगर शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ ।

(ख) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(ग) समितिको निर्णय समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

(घ) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) नगर शिक्षा समितिको बैठकभत्ता कार्यपालिका सरह हुनेछ ।

(च) बैठक सञ्चालनको लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

**(१०) वडा शिक्षा समिति :-**

(१) वडाभित्रका विद्यालयहरुको व्यवस्थापन ,रेखदेख,समन्वय र नगर शिक्षा नीतिलाई वडामा कार्यान्वयन गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ :-

(क) वडा अध्यक्ष — अध्यक्ष

(ख) वडाको महिला र दलित सदस्य मध्ये वडा अध्यक्षले तोकेको एक जना  सदस्य

(ग) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्ये उच्चतहको विद्यालयको जेष्ठ प्रधानाध्यापक एक जना

(घ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु
मध्ये वडा शिक्षा समितिले मनोनित गरेका एकजना — सदस्य

(ङ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट
*वडा अध्यक्षले मनोनित गरेका एकजना — सदस्य

(च) वडा भित्रका सामुदायिक विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष मध्ये वडा शिक्षा समितिले मनोनित गरेका एकजना — सदस्य

(छ) वडाको प्रशासकीय काम गर्न तोकिएको अधिकृत वा निजको काम गर्न तोकिएको कर्मचारी — सदस्य-सचिव

(२) समितिका मनोनित सदस्यहरुको पदावधी तीन वर्षको हुनेछ। त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन।

(३) समितिले वडाका धार्मिक विद्यालयका प्रमुख , प्रबुद्ध व्यक्ति , विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्नसक्नेछ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) बैठक सञ्चालनको लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ।

**(६) वडा शिक्षा समितिका काम ,कर्तव्य र अधिकार :-**

**(क)** नयाँ विद्यालय खोल्ने अनुमतिको निवेदनसाथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्य सहित सक्कल कागजात उपमहानगरपालिकामा सिफारिश गर्ने ,

(ख) वडा भित्र सञ्चालित विद्यालय बन्द गर्न , गाभ्न तथा कक्षा थपका लागि सिफारिश गर्ने,

(ग) वडामा अनौपचारिक शिक्षाको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ,

(घ) वडा क्षेत्रभित्र सञ्चालित विद्यालयको अनुगमन,रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न सुझाव र परामर्श दिई सहयोग गर्ने,

(ङ) विद्यालयको नक्साङ्कन(स्कूल जोनि□) को पूर्वाधार सहित विद्यालय भर्ना नभएका बालबालिकाको विवरण अध्यावधिक गर्ने,

(च) नगर शिक्षा नीतिलाई वडामा कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने,

(छ) उपमहानगरपालिका र नगर शिक्षा समितिबाट निर्देशित तथा प्रत्यायोजित अन्य कार्य गर्ने।

**११. प्रमुख प्रशासकीय अधिकृतको काम,कर्तव्य र अधिकार :-**यस ऐनमा अन्यत्र लेखिएका काम,कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख र नगर शिक्षा समितिको प्रत्यक्ष मातहतमा रही प्रमुख प्रशासकीय अधिकृतको काम,कर्तव्य र अधिकारका देहाय बमोजिम हुनेछ :-

(क) शिक्षालाई मौलिक हकको रुपमा कार्यान्वयन गर्न उपमहानगरपालिकाको समग्र शैक्षिक नीति,योजना,कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने गराउने।

(ख) उपमहानगरपालिकाको कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) कार्यपालिका र नगर शिक्षा समितिले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने,

(घ) शैक्षिक गुणस्तर अभिवृद्धि तथा उच्च शैक्षिक उपलब्धिका लागि महाशाखा प्रमुखसंग कार्यसम्पादन करार गर्ने,

(ङ) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने।

**१२. शिक्षा युवा तथा खेलकुद महाशाखा :-** (१) उपमहानगरपालिकामा शिक्षा प्रशासन सम्बन्धी काम गर्न
महाशाखा रहनेछ।

* पहिलो संशोधन द्वारा संशोधित

(२) उपदफा (१) बमोजिमको शैक्षिक प्रशासन महाशाखाको प्रमुखका रुपमा शिक्षाका उपसचिव वा तोकिएको शिक्षाका अधिकृत रहनेछ ।

**(३) शिक्षा युवा तथा खेलकुदमहाशाखा प्रमुखको काम,कर्तव्य र अधिकार** :-यस ऐनमा अन्यत्र लेखिएका काम,कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख , नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहत र निर्देशनमा रही काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपमहानगरपालिका भित्र शिक्षा सम्बन्धी संघीय , प्रादेशिक र स्थानीय सरकारले पारित गरेका शैक्षिक नीति , योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने ,

(ख) शिक्षा सम्बन्धी उपमहानगरस्तरीय योजना बनाइ नगर शिक्षा समितिबाट पारित गराइ कार्यान्वयन गर्ने गराउने,

(ग) उपमहानगरपालिका क्षेत्रभित्रको शैक्षिक गतिविधि,अवस्था एवं प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थिति प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्षको अन्त्यसम्म प्रकाशित गर्ने ,

(घ) अनौपचारिक शिक्षा ,विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा सम्बन्धी स्वीकृत कार्यक्रम सञ्चालन गर्ने तथा सोको अभिलेख तयार गर्ने,

(ङ) विधार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई विधार्थी संख्या बढी भएको अर्को सामुदायिक विद्यालयमा सरुवा गर्न नगर शिक्षा समितिमा सिफारिश गर्ने,

(च) यो ऐन र यसको नियमावली बमोजिम विद्यालय सञ्चालन भए नभएका सम्बन्धमा नियमित रुपले निरीक्षण र सुपरीवेक्षण गरी र गराई त्यसको प्रतिवेदन तयार गर्ने ,

(छ) शिक्षाको गुणस्तर बढाउनको लागि वडा शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु , प्रधानाध्यापक,शिक्षक,कर्मचारीका लागि समय समयमा बैठक,गोष्ठी,तालिम आदि सञ्चालन गर्ने गराउने,

(ज) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न गराउने

(झ) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख , प्रश्नपत्र र उत्तर पुस्तिका झिकाइ जाँच गराउने,विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कण गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक कार्य गर्ने,

(ञ) यस ऐन बमोजिम विद्यालयहरु सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा यो ऐन तथा यसको नियमावली बमोजिम विद्यालय सञ्चालन गर्न विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई आवश्यक निर्देशन दिने र शिक्षाको गुणस्तर सुधार गर्ने कार्य गर्ने ,

(ट) आधारभूत तहको परीक्षामा सम्मलित भएका विधार्थीहरुको नाम,थर,उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

(ठ) आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिश भईआएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

(ड) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अध्यावधिक गर्ने,

(ढ) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कण गरी वा गर्न लगाई त्यसको विवरण आयोगमा पठाउने ,

(ण) विद्यालय र प्रारम्भिक बाल-शिक्षा केन्द्रको निरीक्षण गर्ने गराउने ,

(त) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने ,शिक्षक तालिम तथा अन्य शैक्षिक कियाकलाप सञ्चालन गर्ने,

(थ) आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढ□बाट सञ्चालन गर्ने गराउने,

(द) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक-सत्रको शुरुमा मिलान गर्न नगर शिक्षा समितिमा सिफारिश गर्ने,

(ध) शिक्षा अधिकृतलाई विद्यालय निरीक्षणको सूचक बनाई निरीक्षण गर्न पठाउने र निरीक्षणमा खटिएका शाखा अधिकृतले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(न) उपमहानगरपालिकाबाट विद्यालयलाई निकाशा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(प) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने,

(फ) विद्यालयमा लागु गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री र निःशुल्क पाठ्यपुस्तक सम्बन्धमा सम्बन्धीत निकायमा आवश्यक सुझाव पठाउने,

(ब) विद्यालयको लेखापरीक्षक नियुक्ति गर्ने तथा लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फर्छ्यौट गर्न लगाउने,

(भ) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरुको समन्वय तथा निरीक्षण गर्ने,

(म) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(य) विद्यालयको शैक्षिक योजना तथा कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सो अनुसार गर्ने,

(र) शिक्षा अधिकृतको कामको अनुगमन,सुपरीवेक्षण गरी निजहरुबाट प्राप्त निरीक्षण प्रतिवेदन उपर कार्वाही गर्ने,

(ल) शिक्षकलाई तालिमका लागि सम्बन्धीत निकायमा सिफारिश गर्ने तथा मांग भए बमोजिम सहभागी हुन पठाउने ,

(व) नगर शिक्षक अभिभावक महासंघ , विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने,

(श) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखि पठाउन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(स) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दी, राहत अनुदान तथा प्राविधिक तर्फको अनुदान कोटामा शिक्षक,कर्मचारी,प्रशिक्षक ,सहायक प्रशिक्षक र प्रशिक्षण सहायकको नियुक्ति एवं सरुवा सम्बन्धमा नगर शिक्षा समितिको निर्णयानुसार कार्य गर्ने गराउने,

(ष) उपमहानगरपालिकाको अनुदानबाट तलबभत्ता खाने गरी करार शिक्षक तथा कर्मचारी पद सिर्जना भएमा नगर शिक्षा समितिको निर्णयानुसार कार्य गर्ने गराउने,

(ह) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति , शिक्षक अभिभावक संघ प्रधानाध्यापक,शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्ड दिन नगर शिक्षा समितिमा पेश गर्ने,

(क्ष) संस्थागत, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र आवश्यक नियमन गर्ने गराउने,

(त्र) शिक्षा प्रशासनका शाखा अधिकृत तथा प्रधानाध्यापकहरुको कार्यसम्पादन करार गर्ने,

(ज्ञ) उपमहानगर क्षेत्रभित्र सञ्चालित कोचि□कक्षा ,विधार्थी आवास गृह,भाषा प्रशिक्षण तथा तालिम केन्द्र र शैक्षिक परामर्श केन्द्रहरुको निरीक्षण,अनुगमन तथा नियमन गर्ने ,

(द्द) नगर सभा,कार्यपालिका,नगर शिक्षा समिति,प्रमुख,प्रमुख प्रशासकीय अधिकृत,राष्ट्रि□ परीक्षा बोर्ड र शिक्षासँग सम्बन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित अन्य कार्य गर्ने ।

(१३) **शिक्ष अधिकृतको काम,कर्तव्य र अधिकार :-**यस ऐनमा अन्यत्र लेखिएका काम,कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख , नगर शिक्षा समिति , प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुखको प्रत्यक्ष मातहत र निर्देशनमा रही काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क)प्रत्येक महिनामा कम्तीमा एकपटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने ,गराउने र त्यसरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिसँग छलफल भएको कुरा र निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने,

(ख) ऐन र यस नियमावलीबमोजिम विद्यालय नियमित रुपले सञ्चालन भए नभएको ,त्यस्तो विद्यालयमा भौतिक साधन र शिक्षक पर्याप्त भए नभएका र उपलब्ध साधनको अधिकतम सदुपयोग भए नभएको र निर्धारित स्तरबमोजिम पठनपाठन भए नभएको सम्बन्धमा प्रधानाध्यापक,शिक्षक-अभिभावक संघ र शिक्षकसँग विचार-विमर्श गरी सो अनुरुप भएको नदेखिएमा सुधार गर्न लगाउने,

(ग) विद्यालय निरीक्षणसम्बन्धी प्रतिवेदन महाशाखामा बुझाउने ,

(घ) विद्यालयको विकासका लागि विद्यालय व्यवस्थापन समिति तथा स्थानीय शिक्षाप्रेमीहरुसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने,

(ङ) नमुना शिक्षण गर्ने प्रयोजनका लागि समयसमयमा प्रधानाध्यापकसहित शिक्षक वैठक बोलाई समस्या समाधानका लागि आवश्यक काम गर्ने,

(च) शिक्षकहरुको कार्यक्षमताको मूल्याङ्कण गरी त्यसको अभिलेख राख्ने,

(छ) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने गराउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीको विदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने,

(झ) शिक्षकहरुको हाजिरी अभिलेख दुरुस्त भए नभएको छडके जाँच वा निरीक्षण गरी विदा नलिई अनुपस्थित शिक्षकको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउसहित कारवाहीको लागि सम्बन्धीत व्यवस्थापन समिति र नगर शिक्षा समितिलाई सिफारिश गर्ने,

(ञ) आफ्नो क्षेत्रभित्र सञ्चालन गरिएको अनौपचारिक शिक्षा,विशेष शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको नियमित रुपमा निरीक्षण तथा अनुगमन गरी नगर शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने,

(ट) स्वीकृत शैक्षिक कार्यक्रम,अनौपचारीक शिक्षा , विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने

(ठ) स्वीकृत कार्य योजना अनुसार विद्यालय संचालन भए नभएको सम्बन्धमा नियमित रुपले निरीक्षण र सुपरिवेक्षेण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(ड) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा संचालन गर्ने गराउने,

(ढ) प्रमुख प्रशासकियअधिकृत र महाशाखा प्रमुखले तोके बमोजिम अन्य कार्य गर्ने र गराउने ।

**(१४) आधारभूत शिक्षा उर्त्तीण परीक्षा समिति :-** (१) आधारभूत तहको अन्तमा सञ्चालन हुने परीक्षा व्यवस्थित तथा मर्यादित रुपमा सञ्चालन गर्नको लागि देहायका सदस्यहरु रहेको एक आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति रहनेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामुदायिक विद्यालयका मा.वि. तहका एक जना र आधारभूत तह (कक्षा ६ देखि कक्षा ८ सम्ममा अध्ययापन गर्ने) का शिक्षकहरुबाट कम्तिमा एक जना महिला सहित नगर प्रमुखबाट मनोनित जम्मा तीन जना - सदस्य

(घ) महाशाखाको प्रमुख वा शिक्षा अधिकृत - सदस्य-सचिव

आवश्यकता अनुसार संस्थागत विद्यालयका छाता संगठनका पदाधिकारी तथा प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परीक्षा सञ्चालनका लागि आवश्यक प्रश्न पत्र,उतरपुस्तिका लगायतका परीक्षा संचालन सामग्रीको व्यवस्थापन एवं गोपनियता कायम गर्ने र परीक्षा केन्द्र तोक्ने,

(ख) केन्द्राध्यक्ष र अन्य आवश्यक कर्मचारी नियुक्त गर्ने,

(ग) उपमहानगरपालिका क्षेत्रभित्र मर्यादित र निष्पक्ष ढंगले परीक्षा सञ्चालन गर्ने,

(घ) उपमहानगरपालिका वा परीक्षा समितिले तोकिदिए बमोजिमको अन्य काम गर्ने गराउने ।

(ङ)परीक्षा सञ्चालनका लागि आवश्यक अन्य काम काजसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) अन्धा, बहिरा, सुस्त मनस्थिति भएका वा शारिरीक कारणले अपाङ्ग परीक्षार्थीलाई अपाङ्गताको प्रकृति हेर्दा निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा बढीमा एक घन्टासम्म थप समय उपलव्ध गराउन सकिनेछ ।

(४) अन्धा, वहिरा, लाटा, अपाङ्ग वा सुस्त मनस्थिति भएका परीक्षार्थीका लागि निजले बुझ्ने सांकेतिक भाषामा परीक्षा दिने व्यवस्था गर्न सकिनेछ ।

**(१५) विद्यालय व्यवस्थापन समिति :-**(१) सामुदायिक विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको *वडा अध्यक्ष वा वडा अध्यक्षले मनोनयन गरेको सदस्य -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको शिक्षक एकजना -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य-सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) बाल क्लबका अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) शिक्षक अभिभावक संघको अध्यक्षलाईविद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) *(ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(६) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विधार्थीका अभिभावकहरुर समावेशी शिक्षा वा स्रोत कक्षा

* पहिलो संशोधन द्वारा संशोधित

* पहिलो संशोधन द्वारा थप

सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका विधार्थीका अभिभावक सदस्य रहनेछन् ।

(८) सम्बन्धितविद्यालय निरीक्षण गर्न तोकिएको शाखा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(९) उपदफा (१) बमोजिम छानिएका वा मनोनित सदस्यको पदावधि तीन वर्ष हुनेछ ।

(१०) यो ऐन लागु पूर्व गठित विद्यालय व्यवस्थापन समितिमा अभिभावक भेलाबाट छनौट भएका अभिभावकहरुको पदावधि बाँकी भए सो अवधि सम्म कायम रहनेछ र बाँकी सदस्य यस ऐन बमोजिम हुनेछ ।

(११) पदेन सदस्य बाहेक नेपाल सरकारको कुनै पनि स्रोतबाट तलबभत्ता वा पारिश्रमिक खाने व्यक्ति विद्यालय व्यवस्थापन समितिमा सदस्य वा अध्यक्ष पदमा रहन पाउने छैन ।

(१२) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी अन्य कार्यविधि नगर शिक्षा समितिले तोकेए बमोजिम हुनेछ ।

(१३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने : देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

तर नेपाल सरकारसँग भएको सम्झौता बमोजिम खोलिएको विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष अभिभावकमध्ये जुनसुकै व्यक्ति हुन सक्नेछ ।

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) आधारभूत तहसम्मको विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा माध्यमिक तह परीक्षा ( एस.इ.इ. वा सो सरह) उत्तीर्ण गरेको र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा कक्षा बाह्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।तर आधारभूत तहसम्मको विद्यालय र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएमा सोभन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुन सक्नेछ ।

(घ) अध्यक्षको लागि भए सम्बन्धित विद्यालयमा शिक्षक वा कर्मचारीको पदमा बहाल रहेको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(च) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

(१६) १. विद्यालयमा व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवला विद्यमान समितिले गर्नु पर्ने छ । यसो हुन नसकेमा वा व्यवस्थापन समितिको गठन विवादित भएमा वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले प्रधानाध्यापकको सिफारिशमा देहाय अनुसारको दुई जना महिला सहित बढीमा ७ जनाको अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ :-

(क) विद्यालयको संस्थापक,चन्दादाता,शिक्षा प्रेमी,बुद्धिजिवी मध्ये एक जना अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट दुई जना महिला सहित जम्मा तीन जना सदस्य

(ग) सम्बन्धीत वडाको वडा सदस्यहरुबाट प्रमुख द्वारा मनोनित एक जना सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको शिक्षक एकजना सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य-सचिव

(१७) (१)प्रत्येक संस्थागत विद्यालयकोसञ्चालन,रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा तीन जना मध्ये नगर प्रमुखले मनोनीत गरेको व्यक्ति- अध्यक्ष

(ख) अभिभावकहरुमध्ये एकजना महिला समेत पर्ने गरी
विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना - सदस्य
(ग) सम्बन्धीत वडाका वडा अध्यक्षले तोकेको वडा सदस्य एक जना -सदस्य
(घ) सम्वन्धित क्षेत्र हर्ने महाशाखाको शिक्षा अधिकृत -सदस्य
(ङ) सम्वन्धित विद्यालयको शिक्षकहरुले आफुहरुमध्येबाट
छानी पठाएको एकजना - सदस्य
(च) विद्यलायको प्रधानाध्यापक सदस्य-सचिव

(२) उपदफा(१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(१८) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : (१) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालनमा सहयोग गर्ने,
(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,
(घ) विद्यालयको लागि वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी महाशाखालाई दिने,
(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,
(च) महाशाखाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,
(छ) उपमहानगरपालिकाले तोकेको लेखापरीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउने र लेखापरीक्षणको प्रतिवेदनमा देखिएका बेरुजु फर्छ्यौट गर्न सहयोग गर्ने,
(ज) नगर शिक्षा समिति र महाशाखाले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने गराउने,
(झ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।
(ञ) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,
(ट) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,
(ठ) शिक्षकलाई तालिमको लागि छनौट गर्ने,
(ड) तालिममा जाने शिक्षकलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरु निर्धारण गरी कबुलियतनामा गराउने,
(ढ) शिक्षकहरुको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,
(ण) उपमहानगरपालिकाको स्रोतबाट बेहोर्ने गरी शिक्षक तथा कर्मचारीको दरवन्दी प्रस्ताव गर्ने,
(त) स्वीकृत भएको दरवन्दीको शिक्षक पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएका मितिले पन्ध्र दिनभित्र कार्यालयमा लेखी पठाउने,
(थ) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्न तथा आवश्यकतानुसार आफ्नो राय सहितको प्रतिवेदन कारबाहीको लागि महाशाखामा पठाउने,
(द) विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको माँग तथा व्यवस्था गर्ने,
(ध) नेपाल सरकार, प्रदेश सरकार र स्थानीयतहबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,
(न) विद्यार्थीहरुको पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,
(प) शिक्षकहरुको अभिलेख अध्यावधिक गराई राख्ने,

(फ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आर्थिक तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ब) विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(भ) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्तो गयल वापत तलब कट्टी  गर्न महाशाखामा लेखी पठाउने,

(म) महाशाखाले दिएको निर्देशन अनुरुप काम गर्ने ,

(य) विद्यालय व्यवस्थापन समितिले आप्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिका सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ,

(र) समुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्य काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(१९)संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम  हुनेछ :**

(क) संस्थागत विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) संस्थागत विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) संस्थागत विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) संस्थागत विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्य पुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्य पुस्तकहरु पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास  तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिने,

(च) प्रचलित कानून बमोजिम अध्यापन अनुमतिपत्र लिई शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

(ज) नेपाल सरकार, सम्वन्धित प्रदेश सरकार र उपमहानगरपालिकाले दिएका निर्देशनहरुको पालना गर्ने ।

(झ) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ञ) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(ट) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ठ)  विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई आवश्यक सुविधा उपलव्ध गराउने,

(ड) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(ढ) आफ्नो पदीय आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कार्वाही गर्ने,

(ण) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरूमध्येबाट लेखापरीक्षण गराइ महाशाखामा जानकारी गराउने

(त) विद्यार्थीहरुले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(थ) महाशाखाले दिएका निर्देशन अनुरुप काम गर्ने

(द) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्य काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(२०) विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :-**(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समिति देहायको अवस्थामा नगर शिक्षा समितिले विघटन गर्न सक्नेछ :-

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा

(ग) प्रचलित कानून तथा नेपाल सरकार,प्रदेश सरकार तथा नगर पालिकाको नीति एवं हित विपरीत काम गरेमा

(घ) यो ऐन र यसको नियमावली विपरीत कार्य गरेमा

(ङ) सम्बन्धीत निकाय वा अधिकारीले दिएको निर्देशन पालन नगरेमा

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**(२१) शिक्षक-अभिभावक संघ सम्बन्धी व्यवस्था :** (१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक-अभिभावक संघ रहनेछ ।

(२) व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) तोकिए बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने ।

(घ)शिक्षक-अभिभावक संघको कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

(७) यो ऐन लागु हुनुभन्दा पूर्व गठन भएको शिक्षक-अभिभावक संघको कार्यकारी समितिलाई यसै ऐन बमोजिम गठन भएको मानिने छ ।

**(२२) प्रधानाध्यापक सम्बन्धी व्यवस्था**: (१) उपमहानगरपालिका क्षेत्रभित्रको विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति प्रकिया देहाय बमोजिम हुनेछ ।

(१) प्रधानाध्यापक पदमा नियुक्तिका लागि आधारभूत तह (कक्षा ८ सम्म)को प्रधानाध्यापकको हकमा शिक्षा शास्त्रमा स्नातक तह उर्त्तीण वा सो सरह आधारभूत तह (कक्षा१ देखि ५ सम्म)को शिक्षा शास्त्रमा प्रमाण पत्र तह वा सो सरह उर्त्तीण र माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्रमा स्नाकोत्तर तह वा सो सरह उर्त्तीण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट प्रधानाध्यापक पदको उम्मेदवार हुन सक्नेछ ।

(२) सम्बन्धित विद्यालयको प्रधानाध्यापक पदको लागि विद्यालय विकास प्रस्ताव सहितको विद्यालय व्यवस्थापन समितिले दरखास्त आहवान गरेमा उम्मेदवार हुन पाउनेछ ।

(३) प्राप्त विद्यालय विकास प्रस्ताव मूल्या□णका लागि देहाय अनुसारको मूल्या□ण समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको व्यक्ति    अध्यक्ष

(ख) स्थानीय तहको शिक्षा हेर्ने अधिकृत प्रतिनिधि    सदस्य

(ग) स्थानीय तहबाट मनोनित विज्ञ १ जना    सदस्य

यस प्रयोजनका लागि विज्ञ भन्नाले आधारभूत तहको मूल्या□णका लागि माध्यमिक तहको प्रधानाध्यापक र माध्यमिक तहका लागि न्यूनतम स्नाकोत्तर तह उत्तीर्ण गरी कम्तीमा स्नातक तहमा अध्यापन गर्ने व्यक्ति जनाउँछ ।

(४) प्रधानाध्यापकको मूल्या□णको आधार देहाय बमोजिम हूनेछ ।

**(१) व्यक्तिक विवरण    ४२(ब्यालिस)अंक**

(क) न्यूनतम शैक्षिक योग्यता वाप्त प्रथम १०,द्धितीय ८ ,तृतीय ६

(ख) माथिल्लो शैक्षिक योग्यता वाप्त प्रथम ५,द्धितीय ३ ,तृतीय २

(ग) अनुभव वाप्त  प्रति वर्ष २ अंकको दरले अधिकतम २० अंक

(घ) न्यूनतम ३० कार्य दिनको तालिम वाप्त प्रथम ५,द्धितीय ३ ,तृतीय २

(ङ) ज्येष्ठता वाप्त प्रथम श्रेणीको २ अंक,द्धितीय १.५ अंक,तृतीय १ अंक

**(२)विद्यालय विकास प्रस्तावना    ५८(अन्ठावन्न) अंक**

(क) दूरदृष्टि ,लक्ष्य,उदेश्य    ५ अंक

(ख) विद्यालयको विद्यमान अवस्था विश्लेषण    १० अंक

(ग) प्रस्तावित विद्यालय विकास योजना    २८ अंक

(शैक्षिक १०,भौतिक ५,आर्थिक ५ व्यवस्थापिकीय ८)

(घ) वार्षिक कार्यान्वयन कार्ययोजना    १० अंक

(ङ) संस्थागत क्षमता विकास योजना    ५ अंक

(५) मूल्या□ण समितिको मूल्या□ण गरी विद्यालय व्यवस्थापन समितिमा पेश गर्ने र विद्यालय व्यवस्थापन समितिले कम्तीमा ७० अंक ल्याउने शिक्षकहरुको नाम प्रधानाध्यापक पदमा नियुक्तिको लागि महाशाखामा सिफारिस गर्नेछ र प्रधानाध्यापकको नियुक्ति ५ वर्षका लागि महाशाखा प्रमुखले गर्नेछ ।

(६) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापक रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

तर कुनै विद्यालयमा एकभन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

(७) प्रधानाध्यापक नियुक्ति गर्दा जुन तहको विद्यालय हो सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्नेछ।

**(३)प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएको अतिरिक्त प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना तथा परीक्षा सञ्चालनको व्यवस्था गर्ने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षकले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्न महाशाखामा लेखी पठाउने,

(ट) शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम  विभागीय कारबाही गर्न महाशाखामा लेखी पठाउने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख प्रमुख प्रशासकीय अधिकृत, महाशाखा प्रमुख तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन कार्यालयमा पेश गर्ने,

(ढ) शिक्षकलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा महाशाखामा सिफारिस गर्ने,

(ण) महिनामा कम्तीमा एक पटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने र महाशाखामा पठाउने,

(त) शिक्षक तथा कर्मचारीहरुको तलव सम्बन्धी प्रतिवेदन पारित गर्न महाशाखामा पठाउने,

(थ) विद्यालय परिसर तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

(द) विद्यालयको वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट सिफारिश  गराई स्वकृतीको लागि महाशाखामा पठाउने,

(ध) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक कार्यक्रम बनाई महाशाखाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने,

(न) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई महाशाखामा पठाउने,

(प) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्काशन गर्ने,

(फ) विद्यालयमा नगर शिक्षा समितिबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने

(ब) महाशाखाले दिएको निर्देशन पालन गर्ने गराउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहिन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्न महाशाखामा लेखी पठाउने,

(य) विद्यालयमा दैनिक रुपमा महाशाखाले तोके बमोजिम कक्षा लिने तथा लिन लगाउने,

(र) आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तोक्ने,

(ल) व्यवस्थापन समितिले दिएका निर्देशन पालन गराउने,

(व) शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फाराम भरी कार्यालयमा पठाउने ।

(श) प्रधानाध्यापकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(२३) विद्यालयको विनियम :-**(१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य,मूल्य, मान्यता सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विनियम विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई प्रमुखबाट प्रमाणित गराई लागु गर्नुपर्नेछ ।

(२) विद्यालय व्यवस्थापन समितिले विनियमलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ । तर संशोधन पूर्व प्रमुखबाट संशोधन गर्ने विषय वस्तुको स्वीकृत लिनु पर्ने छ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्न व्यवस्थापन समिति,प्रधानाध्यपक लगायत सम्पूर्ण विद्यालय परिवारको कर्तव्य हुनेछ ।

(४) प्रमुखबाट प्रमाणित विनियमको प्रतिलिपि सम्बन्धित वडामा सात दिन भित्र पेश  गर्नु पर्नेछ ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो सरोकारवाला जो कोहीले हेर्न पाउनेछ ।

**(२४) उपमहानगरपालिकाले निर्देशन दिन सक्ने :-**(१) उपमहानगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति , वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति , वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**(२५) नगर शिक्षा कोष  :-**(१) जनकपुरधाम उपमहानगरपालिकामा एउटा नगर शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछ  **:-**

(क)नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) शिक्षा करबाट उठेको रकम,

(घ) चन्दाबाट उठेको रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**(२६) विद्यालय सार्ने,गाभ्ने,नाम परिवर्तन गर्ने वा बन्द गर्ने :-** नगर शिक्षा समितिले शाखा अधिकृत /निरीक्षकको प्रतिवेदन लिई तोकिएको मापदण्डको आधारमा सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्ने वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**(२७) विद्यालयको सम्पत्ति :-**(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको जग्गा र अन्य सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । सामुदायिक विद्यालयको सम्पत्तिको प्रमुख संरक्षक उपमहानगरपालिका हुनेछ ।

(२) उपमहानगरपालिकाले विद्यालयको शैक्षिक गतिविधिलाई आवश्यक पर्ने बाहेकको अन्य सम्पत्ति विद्यालयको समेत हित प्रबर्धन हुने गरी बहुप्रयोगमा ल्याउन सक्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।

(४) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(५) गाभिएको वा बन्द गरिएको विद्यालयहरुको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(६) विद्यालयको सम्पत्तिको अभिलेख संरक्षण र प्रयोग तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**(२८) विद्यालयलाई छुट र सुविधा :-**प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

**(२९) विद्यालयको वर्गीकरण :-** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**(३०) विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्ने :-** विद्यालय स्वतन्त्र र भयरहित रुपमा अध्ययन गर्ने वातावरण सिर्जना गर्ने तथा विद्यालय हाताभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप र दलगत गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नुपर्नेछ ।

**(३१) विद्यालयले लिन पाउने शुल्क तथा धरौटी :** (१) संस्थागत विद्यालयले विद्यार्थीसँग देहाय बमोजिम शुल्क र धरौटी लिन पाउनेछ :-

(क) मासिक पढाई शुल्क,

(ख) कुल दुई महिनाको पढाई शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकूद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत सम्भार, पुस्तकालय र प्राथमिक उपचार बापतको वार्षिक शुल्क,

(ग) विद्यालयमा पहिलो पटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाई शुल्कमा नबढ्ने गरी भर्ना शुल्क

(घ) विविध शुल्कहरु -

(१) परीक्षा शुल्क,

(२) कम्प्यूटर शुल्क,

(३) स्थानान्तरण प्रमाणपत्र शुल्क,

(४) विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस्, पौडी, गायन, नृत्य आदि) शुल्क,

(५) आवास शुल्क,

(६) परिवहन शुल्क,

(७) भोजन शुल्क ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको माध्यामिक तहसम्ममा अध्ययन गर्ने देहाय बमोजिमका विद्यार्थीसँग त्यस्तो शुल्क लिन पाइने छैन ।

(क) गरिबीको रेखामुनि रहेका दलित, जनजाती र महिला,

**स्पष्टिकरण :** (१) यस खण्ड बमोजिम निःशुल्क शिक्षा उपलब्ध गराउने प्रयोजनको लागि विद्यालयले त्यस्तो निःशुल्क शिक्षाको लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) यस खण्डको प्रयोजनको लागि "गरीबीको रेखामुनि रहेको विद्यार्थी" भन्नाले दलित, जनजाति, महिला लगायत अन्य व्यक्तिको देहाय बमोजिम अवस्था भएको भनी वडा शिक्षा समिति वा उपमहानगरपालिकाको सम्बन्धित वडाको सिफारिसलाई जनाउँछ :

(ख) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय-आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई विद्यालयमा शुल्क तिर्न नसक्ने अवस्था रहेको,

(ग) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको, वा

(घ) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरीबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको ।

(३) संस्थागत विद्यालयले एक महिनाको पढाइ शुल्क बराबर धरौटी रकम लिन पाउनेछ र त्यस्तो रकम विद्यार्थीले विद्यालय छाडेमा तुरुन्तै फिर्ता गर्नु पर्नेछ ।

(४) विद्यालयले एक शैक्षिक सत्रमा बाह्र महिनाभन्दा बढी कुनै शुल्क उठाउन पाउने छैन ।

(५) विद्यालयले उप दफा (१) बमोजिमको शुल्क उप दफा (१)को खण्ड (घ) बमोजिम सुविधा उपयोग गर्ने विद्यार्थीसँग सो सुविधा उपभोग गरेको अवस्थामा मात्र लिन पाउनेछ ।

**(३२) शिक्षक महासंघ , सामुदायिक विद्यालय अभिभावक महासंघ , शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्था :-**(१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न उपमहानगरपालिकामा एक शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ ।

(३) सामुदायिक विद्यालयको गुणस्तर उन्नयन तथा विधार्थीहरुको हक हितको सम्बन्धमा कार्य गर्न उपमहानगरपालिकामा एक उपमहानगरपालिकास्तरीय सामुदायिक विद्यालय अभिभावक महासंघको व्यवस्था गरिनेछ ।

(४) उपमहानगरपालिकास्तरीय सामुदायिक विद्यालय अभिभावक महासंघका गठन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन सकिने छ :-

**(क)** पदीय दायित्व पूरा नगरेमा वा पेशागत सघं संस्था बाहेक कुनै संघ संस्थाको प्रमुख पदमा मनोनित वा निर्वाचित भएमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन गरेमा,

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारणी समितिको सदस्य रहेको पाइएमा ।

(छ) उपदफा (५) खण्ड (च) को प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर,प्रदेश स्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समितिलाई सम्मभ्कनुपर्छ ।

**(३३) स्थायी आवासीय अनुमति लिन नहुने :-**सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्ता अनुमति प्राप्त गर्नको लागि आवेदन दिनु हुदैन । यो ऐन प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

**(३४) शैक्षिक योग्यता :-** विद्यालय शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**(३५) शिक्षकलाई अन्य काममा लगाउन नहुने :-**(१)सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धि काममा बाहेक अन्यकाममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकैकुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रि जनगणना ,निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार ,प्रदेश सरकार र उपमहानगरपालिकाले शिक्षा प्रशासन सम्बन्धि अन्य कुनै काममा खटाउन सकिनेछ ।

**(३६) तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :-** नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्था बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधिको निजको सेवा अवधि निजको सेवामा गणना हुने छैन ।

**(३७) बालबालिकालाई निष्काशन गर्न शारीरिक र मानसिक दुव्यवहार गर्न नहुने :-**(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुव्यवहार गर्न पाइन छैन ।

(३) विद्यालय हाताधित्र कुनै पनि बालबालिकालाई भेदभाव,दुव्यवहार,शोषण, लैिक हिंसा,शारीरिक वा मानसिक दण्ड सजाय र हेपाइ लगायतका कार्य गर्न पाइने छैन ।

**(३८) शिक्षक रकर्मचारीको नियुक्ति तथा बढुवा :-**(१) सामुदायिक विद्यालयमा संघीय सरकार वा उपमहानगरपालिकाबाट स्वीकृत दरबन्दीमा शिक्षक ,कर्मचारीको स्थायी नियुक्ति र बढुवा तोकिए बमोजिम हुनेछ ।

(२) सामुदायिक विद्यालयमा रिक्त स्वीकृत दरबन्दी,राहत अनुदान र शिक्षण अनुदानमा अस्थायी करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि विद्यालयबाट मांग भई आएमा वा उपमहानगर पालिकाबाट सिर्जना भएको शिक्षक कर्मचारीको दरबन्दीमा नियुक्तिका लागि देहाय बमोजिमको समिति रहनेछ ।

(क) महाशाखा प्रमुख संयोजक

(ख) विषय विज्ञ ३ जना सदस्य

(ग) शिक्षा प्रशासनको शाखा अधिकृत सदस्य-सचिव

(३) उपदफा (२) खण्ड ख को प्रयोजनको लागि शैक्षिक प्रशासन महाशाखाले समय समयमा दरखास्त आवाहन गरी विषयविज्ञहरुको व्यक्तिगत विवरण सहितको विज्ञ सूची अद्यावधिक गरी राख्नुपर्नेछ ।सो सूचीबाट नगर शिक्षा समितिले तोकेको विज्ञ उपदफा(२) बमोजिमको समितिमा रहनेछ ।

(४) उपदफा(३) बमोजिम कुनै विषयको विज्ञ सुचिकृत हुन नसकेको अवस्थामानगर शिक्षा समितिले अन्यत्रबाट विज्ञ आमन्त्रण गरी तोक्न सक्नेछ ।

(५) अस्थायी करार शिक्षक वा कर्मचारी नियुक्ति समितिको सचिवालय उपमहानगरमा रहनेछ ।

(६) शिक्षक सेवा आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए उपदफा (२) को समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) विद्यालयमा करार शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्र सम्म पनि स्थायी पद पूर्ति नभएमा स्थायी पदपूर्ति नभएसम्मका लागि एक पटकमा एक वर्षमा नबढाइ विद्यालयका प्रधानाध्यापकको सिफारिशमा महाशाखाले गर्नेछ । साथै यस ऐन लागु हुनु पुर्व नियुक्ति भएका अस्थायी करारलाई पनि यसै अनुसार म्याद थप गर्नेछ ।

(९) विद्यालयको पठनपाठनमा बाधा परेमा दफा (३४) बमोजिमको करारमा शिक्षक नियुक्ति भई नआउन्जेल सम्म उपमहानगरपालिकाको अनुमतिमा प्रधानाध्यापकले दैनिक ज्यालादारी वा घण्टीको आधारमा करार गरी शिक्षक वा कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

**(३९) शिक्षकको सरुवा :-** (१) उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा दरबन्दीमा कार्यरत सरुवा हुन आवेदन दिने शिक्षकलाई कार्यरत विवद्यालय व्यवस्थापन समिति र सरुवा  हुन चाहेको विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी महाशाखा प्रमुखको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले प्रक्रिया अपनाइ रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(२) अन्य स्थानीय तहबाट सरुवा भई आउन वा यस उपमहानगरपालिकाबाट सरुवा भई जान आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई उपमहानगरपालिका भित्र कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी नगर शिक्षा समितिले रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(३) समान्यतया एक विद्यालयमा प्रधानाध्यापकको हकमा ५ वर्ष र शिक्षकको हकमा २ वर्ष कार्य अवधि पुरा भएमा त्यस्ता प्रधानाध्यापक र शिक्षकलाई यस उपमहानगरपालिका भित्र एक विद्यालय बाट अर्को विद्यालयमा नगर शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै लेखिए तापनि  देहायको अवस्थामा दरबन्दीका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिले उपमहानगरपालिकाको क्षेत्र भरी सरुवा गर्न सक्ने छ :

(क) कुनै शिक्षक उपर सिकाइमा बारम्बार लापरवाही गरेको ,कक्षा नियमितता नभएको र आचरण सम्बन्धि गुनासो आएमा र अनुगमनबाट सो को पुष्टि भएमा ,

(ख) शैक्षिक प्रशासन महाशाखाबाट गरेको निरीक्षण, अनुगमनका आधारमा कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर नगर शिक्षा समितिले गरेमा ,

(ग) प्रधानाध्यापकको जिम्मेवारीमा रहेर तोकिएका जिम्मेवारी निर्वाह गर्न नसकेका कारण विद्यालयको अवस्था वर्षेनी कमजोर भएको ठहर विद्यालय व्यवस्गथापन समितिले गरेमा र सोलाई पुष्टिगर्ने प्रमाण पनि अनुगमन,निरीक्षणमा समेत पाइएमा,

(५) उपदफा (१),(२)र(३) मा उल्लेख भए बाहेक अन्य विशेष कारणवश कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा कारण खुलाई आवश्यकता र औचत्यका आधारमा नगर शिक्षा समितिले सरुवा गर्न बाधा पर्ने छैन ।

(६)प्रधानाध्यापकले विद्यालयमा सरुवा भइ आएका शिक्षकलाई हाजिर गराइ जिम्मेवारी दिनु पर्नेछ ।

(७) नगर शिक्षा समितिले गरेको सरुवा कार्यान्वयन गर्नु गराउनु सम्बन्धित वडा शिक्षा समिति,विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक र सम्बन्धित शिक्षकको दायित्व हुनेछ । सरुवा गरेको शिक्षकलाई २१ दिन भित्र रमाना नदिने वा हाजिरी नगराउने विद्यालय व्यवस्थापन समितिलाई कर्वाही र प्रधानाध्यापकलाई विभागीय कर्वाही हुनेछ । पटक पटक अटेर गरेमा विद्यालयको हकमा अनुदान रोक्का राख्न सकिने छ । शिक्षकले सरुवा आदेशको पटक पटक उल्लङ्घन गरेमा निजको तलब भत्ता र अन्य सुविधा रोक्का राख्न सकिने छ ।

(८) नगर शिक्षा समितिको सिफारिश वा स्वीकृती विना उपमहानगर क्षेत्र भित्रका सामुदायिक विद्यालयमा कुनै शिक्षक सरुवा भइ आउन सक्नेछैन ।

**(४०) दरबन्दी मिलान :-**(१) तोकिएको मापदण्डको आधारमा विधार्थी संख्या र विषय मिलान हुने भन्दा बढी दरबन्दी भएको विद्यालयहरुबाट कम दरबन्दी भएको विद्यालयहरुमा दरबन्दी सार्न वा शिक्षक सहितको दरबन्दी मिलान गर्न महाशाखाको  सिफारिशमा नगर शिक्षा समितिले गर्न सक्नेछ ।

**(४१) अध्यापन अनुमति पत्र लिनुपर्ने :-**(१) आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाइने छैन ।

(२) उपदफा(१) मा जुनसुकै कुरा उल्लेख भएतापनि प्राविधिक तर्फका विषयहरु

सिभिल,कम्प्युटर,इलेक्ट्रोनिक्स,इलेक्ट्रिकि,कृषि,चिकित्सा समूह,नापी,भेटनरी समूह र साधारण

तर्फ विज्ञान,लेखा,संस्कृत,उर्दु,अर्थशास्त्र,विजनेश गणित,मार्केटि□ लगायतका कक्षा ११ र १२ मा पढाई हुने अन्य ऐच्छिक विषयहरुमा अध्यापन गर्न अध्यापन अनुमति पत्र अनिवार्य नहुने।

**(४२) विद्यालय कोष :-**(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछ :-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) नगर शिक्षा कोषबाट प्राप्त अनुदान

(घ) शरल्कबाट प्राप्त अनुदान

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान

(च) अन्य स्रोतबाट प्राप्त अनुदान

(२) उपदफा(१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**(४३) अनुमति नलिई शैक्षिक परामर्श सेवा,विधार्थी आवास गृह,ब्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने :-**(१) कानूनमा अन्य व्यवस्था भए बाहेक कसैले पनि उपमहानगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा,विधार्थी आवास गृह,शिक्षक तालिम केन्द्र,व्रिज कोर्ष,भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा ,ट्युसन वा कोचि□ सेन्टर सञ्चालन गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(४४) कर्मचारी सम्बन्धी व्यवस्था :-**(१) सामुदायिक विद्यालयमा तोकिए बमोजिमको संख्यामा कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिम कर्मचारी नियुक्ति,सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(४५) प्रारम्भिक बालविकास :-**(१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) उपमहानगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**(४६) अनौपचारिक शिक्षा :-**उपमहानगरपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा ,निरन्तर सिकाइ , दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**(४७)सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :-**उपमहानगरपालिकाले समुदायमा साक्षरता ,सीप विकास,आय आर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**(४८) संस्थागत विद्यालयको नाम,स्थान परिवर्तन र छात्रवृति :-**(१) संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन गर्ने सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(२) संस्थागत विद्यालयले विद्यालयमा भर्नाभएका कुल विधार्थीसंख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृति उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दश प्रतिशत छात्रवृत्ति कोटामा उपमहानगरपालिकाले जेहन्दार,विपन्न,अपा□,महिला,मुस्लिम,पिछडा वर्ग ,दलित,अल्प संख्यक,आदिवासी जनजाति र शहिद परिवारका विधार्थीलाई निःशुल्क छात्रवृत्तिका लागि सिफारिश गरी पठाउन सक्नेछ ।

(४) उपदफा (२)र (३) बमोजिम छात्रवृत्तिको लागि विधार्थी छनोट गर्ने आधार ,शर्त र प्रकृया तोकिए बमोजिम हुनेछ ।

**(४९) प्रगति विवरण बझाउनु पर्ने :-**संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण उपमहानगरपालिकामा बुझाउनु पर्नेछ ।

**(५०) दण्ड र सजाय :-** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सान गरेमा उपमहाानगरपालिकाले भ्रष्टाचार निवारण ऐन ,२०५९ अन्तर्गत कारवाहीका लागि प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम सजाय लागि उपमहानगरपालिकाले सम्बन्धीत निकायमा प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनियता भ□ गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धीत पदाधिकारीको स्वीकृति विना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भ□हुने अरु कुनै कार्य गरेमा

(छ) विधार्थी भर्ना गर्दा दान,उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम,शैक्षिक परामर्श सेवा ,व्रिज कोर्ष,भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा(२) मा उल्लेखित कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दा टु□ो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम तोकिएको विभागीय सजाय पनि हुनेछ ।

**(५१) अदालतको आदेशबाट पुनर्वहाली हुन सक्ने :-**विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ ।

**(५२) मुद्दा हेर्ने अधिकारी :-**(१) दफा ५० बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ । तर यस विषयमा अन्य प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ र सो विषयमा छुट्टै कानून नभएमा यसै बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**(५३) दरबन्दी सिर्जना गर्न सक्ने :-**नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि उपमहानगरपालिकाले आवश्यकता अनुसार उपमहानगरपालिकाको अनुदानबाट तलबभत्ता खाने गरी शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ ।

**(५४) नियम बनाउने अधिकार :-** यस ऐनको कार्यान्वयन गर्न यस ऐन बमोजिम उपमहानगरपालिकले आवश्यकता अनुसार र अन्य विषयमा नियमावली बनाउन सक्नेछ ।

**(५५) निर्देशिका तथा कार्यविधि बनाउने :-**यस ऐनको कार्यान्वयनका लागि दफा ९ बमोजिमको नगर शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई उपमहानगर भित्र लागु गर्न सक्नेछ ।

**(५६) बाधा अड्काउ हटाउने अधिकार :-**यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा उपमहानगरपालिकाले त्यस्तो वाधा अड्काउ हटाउने आदेश जारी गर्न सक्नेछ , त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**(५७) बचाउ र लागु नहुने :-**(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूर भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान,संघीय तथा प्रदेश कानूनसंग बाझिएको हकमा बाझिएका दफाहरु स्वतः निष्क्रिय हुनेछन् ।